# बुद्धशान्ति गाउँपालिका

## बुधवारे, झापा

## २०८२ चैत्र महिनाको कार्यपालिका बैठकका निर्णयहरु

### मितिः २०८२।१२।१७ गते १९ औं बैठकका निर्णयहरु

१. महानन्द चोक दक्षिण साधुकुटी हुदै दुईरिङगे जाने अधुरो सडक कालोपत्रे, बुद्धशान्ति ३ र २ तथा ढकालगौडा सारुगाउँ हुँदै मिलनचोक जोड्ने अधुरो सडक कालोपत्रे, बुद्धशान्ति ५ र ६ गरी दुई योजनाहरु आ.ब.२०८३/०८४ का लागि प्रदेश समपुरक अनुदानका लागि पेश गर्ने।

२. चिउरामिल हुँदै डुम्रीबोट जाने अधुरो सडक कालोपत्रे योजना बुद्धशान्ति १, गोविन्द नेम्बाङको घर हुँदै उत्तर माझीगाउँ सम्म जाने सडक स्तरउन्नती, बुद्धशान्ति ३तथा मेची राजमार्ग देखि देवीवस्ती जोड्ने सडक स्तरउन्नती, बुद्धशान्ति ४ गरी तीन योजनाहरु आ.ब.२०८३/०८४ का लागि तराई मधेश समृद्धि कार्यक्रम तर्फ माग गर्ने ।

३. मिति २०८२।१२।०३ गतेको पत्र मार्फत दिएको निवेदन माथी छलफल गरी आन्तरिक आय ठेक्का नं. 03/BRM/IR/083/083 टिमाई खोलाको नदीजन्य पदार्थको उत्खनन गर्न ढुङ्गा गिट्टी उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ४(४), कार्यालयसँग भएको सम्झौताको बुँदा नम्बर ३१ र वातावरणीय प्रभाव मूल्याङ्कन (अध्यावधिक समेत) बमोजिम कार्यालयमा प्राप्त IEE प्रतिवेदन बमोजिम तोकिएको चारकिल्ला भित्र मेशिनको प्रयोग गरी उत्खनन् गर्न अनुमति दिने। साथै, उक्त मेशिन समेत प्रयोग गरि उत्खनन गरिएको क्षेत्र र परिणाम अनुगमन गरी उत्खनन् गरिएको परिणाम खुल्ने गरी प्रत्येक ३/३ दिनमा अनुगमन समितिको संयोजक मार्फत कार्यालयमा प्रतिवेदन पेश गर्न तपसिलको अनुगमन समिति गठन गर्ने,-
तपसिलः
संयोजकः श्री डेगेन्द्र कार्की, ५ नं. वडा अध्यक्ष
सदस्यः श्री सेर बहादुर राय, ४ नं. वडा अध्यक्ष
सदस्यः श्री विक्रम दाहाल, ईन्जिनियर
सदस्यः श्री शशी पनेरु, राजश्व उपशाखा प्रमुख
सदस्यः श्री ख्यामराज न्यौपाने, ईन्जिनियर

४. कोशी प्रदेश सरकारको योजना आयोगले आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम स्थानीय तहलाई उपलब्ध गराएको सूचना प्रणालीमा योजना विवरण प्रविष्टि गर्न मिति २०८२।१२।१७ देखि ५ दिनको सार्वजनिक सूचना आव्हान गरी वडा समिति मार्फत मिति २०८२।१२।२३ गते गाउँ कार्यपालिकाको कार्यालयमा एकीकृत गरी मिति २०८३।०१।०५ अगाबै आयोजना बैङ्कमा प्रविष्टि गर्ने कार्य सम्पन्न गर्ने।

५. एस. आर. टि. कन्स्ट्रक्सन प्रा. लि. बुद्धशान्ति ३ झापाले मिति २०८२।११।०६ गते पेश गरेको म्याद थप सम्बन्धको पत्रानुसार Jayapur Budhabare Niroula Tole Saraswati School Road Buddhashanti Rural Municipality Ward 2 ठेक्का नम्बर BRM/NCB/WORKS/080/083-01 कार्यमा कुलोको विवाद र प्रतिनिधिसभाको निर्वाचन एवं सब वेस खोलाबाट उत्खनन कार्य हुन नसकेको कारण ढिला भएको देखिएकोले मिति २०८२।११।३० मा सम्पन्न गर्नुपर्ने उक्त योजनाको म्याद मिति २०८२।०१।३० सम्म थप गर्ने।

६. यस गाउँपालिकाबाट ठेक्का न BRM/NCB/WORKS/082/083-11, Upgrading Work of Different Roads, Tourism, Religious and Public Areas of Buddhashanti Rural Municipality योजना रितपूर्वक प्रक्रियाबाट ठेक्का सम्झौता भै निर्माण प्रक्रिया कार्य सुरु भएको । उक्त ठेक्कामा विभिन्न सडकहरुको लागत अनुमान तयार भएको र सो मध्ये भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल जाने सडकको १६ फिट चौडाई भएको पेभर्स जडान गर्ने लागत अनुमान तयार भएकोमा निर्माण कार्य सुरु भएपछि स्थानीयबासीले सो सडक न्युनतम २० फिट चौडाई भएको सडक बनाउनु पर्ने भनि माग राखी निर्माण कार्य अवरुद्ध गरेको हुनाले अस्पताल जस्तो संवेदनशील क्षेत्र जाने सडक माग बमोजिम निर्माण गर्दा अझ फराकिलो समेत हुने देखियो । उक्त सडक २० फिट चौडाईको बनाउन आवश्यक पर्ने थप भौतिक निर्माणको लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ५ को दफा ४१ (१) को (क) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१)(क) तथा उपनियम (४) को अधिनमा रही खरिद कार्य गर्ने । साथै, सो कार्यको लागि सोहि ठेक्काबाट घटाघटमा रहेको योजना शीर्षककै बजेटबाट भुक्तानी हुने गरी थप कार्य गर्ने ।

मितिः २०८२।१२।२० गते २० औं बैठकका निर्णयहरु

७. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट तथा कार्यक्रम शाखा सिंहदरबार काठमान्डौको च.नं. यो.ब.का./५१८ मिति २०८२।१२।१७ को पत्र मार्फत माग भएको यस गाउँपालिकामा साप्ताहिक कृषि हाटबजार सञ्चालन गर्न कृषि हाटबजार पूर्वाधार विवरण सहितको प्रतिवद्धता पेश गर्ने ।

८. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिंहदरबार, काठमान्डौको च.नं. यो.ब.का./५१९ मिति २०८२।१२।१७ को पत्र मार्फत एक पालिका एक चिस्यान केन्द्र प्रारम्भ गर्ने प्रयोजनार्थ तपसिलको विवरण सहितको प्रतिवद्धता पेश गर्ने ।

९. निजी जग्गामा उत्खनन् एवं स्टक गरी राखिएको नदीजन्य पदार्थको ओसारपसार सम्बन्धमा अनुमति माग भई आएको निवेदन उपर अनुगमन समितिले कार्यालयमा पेश गरेको प्रतिवेदन उपर गाउँ कार्यपालिकामा पेश गरी निर्णय भए बमोजिम मात्र आवश्यक कारवाही गर्ने ।

१०. राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबारको च.नं १८/९९६, मिति २०८२।१०।०६ र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारको च.नं. १८१ मिति २०८२।१०।११ को आवश्यक कारवाही सम्बन्धको पत्रानुसार जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी, जिल्ला समन्वय समिति लगायत सङ्घीय सरकारको कार्यक्षेत्र भएका निकायहरुले प्रशासनिक खर्च, ईन्धन, सवारी मर्मत लगायतका खर्चका लागि स्थानीय तहमा विल पठाउने भुक्तानी माग गर्ने र अधिकारको दुरुपयोग गरी भुक्तानी गराउन बाध्य पार्ने साथै कुनै कारणबश स्थानीय तहमा व्ययभार पर्ने जस्ता कार्य गरी स्थानीय तहबाट अनाधिकृत रुपमा खर्च नगर्ने/नगराउने परिपत्रलाई आजैका मिति देखि कडाइका साथ कार्यान्वयन गर्ने ।

११. योजना तथा कार्यक्रम संशोधन एवं अन्य विषयमा छलफल गर्न मिति २०८२।१२।२६ गते विशेष गाउँसभा आयोजना गर्ने ।

मितिः २०८२।१२।२४ गते २१ औं बैठकका निर्णयहरु

१२. कोशी प्रदेश सरकारको प्रदेश आयोजना बैङ्कमा अनुसूची-१ मा संलग्न योजना तथा कार्यक्रमहरु अनुमोदन गरी अनलाईन पोर्टलमा प्रविष्टि गर्ने ।

१३. हालको ईन्धनको मुल्यवृद्धि तथा साप्ताहिक दुई दिन सार्वजनिक विदाका कारण गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई बुद्धशान्ति गाउँपालिकाको कर्मचारी ईन्धन तथा सवारी मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८२ को अनुसूची १ बमोजिम (पूर्वाधार विकास शाखाका कर्मचारी बाहेक) उपलब्ध गराउदै आएको ईन्धन सुविधामा अर्को व्यवस्था नभए सम्मका लागि २५ प्रतिशतका दरले मिति २०८३ बैशाख देखि कटौति गर्ने।

१४. यस कार्यालयले आधारभूत स्वास्थ्य सेवा केन्द्र बुद्धशान्ति २ को कार्यालय प्रयोजनका लागि निःशुल्क जग्गा प्राप्त गर्न मिति २०८२।१२।११ को सात दिने सार्वजनिक सूचना आव्हान पश्चात तोकिएको चारकिल्ला भित्र श्री देवी प्रसाद नेपाल(ना प्र नं.०४-०१-८०-१७८४४,झापा) बुद्धशान्ति २, झापाले साविक बुधवारे ५क कि.नं. ३६२२ को क्षेत्रफल ०-५-१७(वि.-क.-धु.) मध्येबाट २ कठ्ठा जग्गा निःशुल्क तोकिएको चौहदी भित्र, तोकिएको शर्त बमोजिम दान गर्न मञ्जुर भएको भनि एक मात्र निवेदन प्राप्त हुन आएकोले सो जग्गा प्राप्त गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाइदिन जिल्ला प्रशासन कार्यालय, झापालाई सिफारिस गर्ने।

१५. यस गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६ बमोजिमको गाउँ समिति गठन गर्ने।

निर्णयसँग सम्बन्धित विषयहरुको विस्तृत विवरण कार्यालयबाट प्राप्त गर्न सकिनेछ।